# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## चौथो बार्षिक साधारण सभाको
## कामकारवाहिको विवरण (माइन्यूट)

१ **वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको यो चौथो बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यू को सभापतित्वमा देहाय वमोजिम सु-सम्पन्न भयो ।

२ **सभाको मिति, स्थान र समय:**

मिति: २०५८ पौष २९ गते आईतवार (१३ जनवरी २००२)<br>
स्थान: बीरेन्द्र सभागृह, बिराटनगर<br>
समय: अपरान्ह २ बजे देखि ४.०० बजे सम्म ।

३ **उपस्थिति:**

**संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री जगदीश प्रसाद अग्रवाल | – | अध्यक्ष |
| ख) श्री लोकमान्य गोल्छा | – | संचालक |
| ग) श्री बासुदेव गोल्याण | – | संचालक |
| घ) श्री तुलसीराम अग्रवाल | – | संचालक |
| ङ) श्री महेन्द्रलाल कर्ण | – | संचालक (प्रतिनिधि राष्ट्रिय वाणिज्य बैंक) |
| च) श्री राजेन्द्र अर्याल | – | संचालक |
| छ) श्री रमेश कोइराला | – | संचालक |

**पर्यवेक्षकको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री भिष्मराज ढुंगाना | – | प्रतिनिधि नेपाल राष्ट्रबैंक |
| ख) श्री अशोक कुमार अग्रवाल | – | कर्पोरेट एडभाइजर |

**पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री के. आर. अय्यर | – | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री तेजो प्रधान | – | प्रतिनिधी आर. वज्राचार्य एण्ड कं. (लेखापरीक्षक) |
| ग) श्री पूनम कुमार गुप्ता | – | कानूनी सल्लाहकार |
| घ) श्री श्याम सापकोटा | – | कम्पनी सचिव |

४ **सभाको सूचना:**

चौथो वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा-नोक्सान हिसाब र नगद-प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनु का साथै, क्रमश: गोरखापत्रमा २०५८/९/७, ०५८/९/२३, कान्तिपुर दैनिकमा २०५८/९/६, ०५८/९/२२ र नेपाल समाचार पत्रमा २०५८/९/२४ गते प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

≠ वर्तमान लेखा परीक्षक श्री रामराज उपाध्यायले यस बैंकको लगातार तीन वर्षको लेखापरीक्षण गरिसक्नु भएकोले पुन: नियुक्त हुन नसक्नु हुने

५. <u>सभामा भएका छलफलका बिषयहरु:</u>

(क) चौथो वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

(ख) लेखापरीक्षकको प्रतिवेदनसहित २०५८ साल आषाढ मसान्तको वासलात, २०५७/४/१ देखि २०५८/३/३१ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

(ग) संचालक समितिले सिफारिश गरे वमोजिम प्रस्तावित लाभांश स्वीकृत गर्ने ।

(घ) आर्थिक वर्ष २०५८/५९ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । ≠

(ङ) संचालकहरुको बैठक भत्ता र भ्रमण भत्ता अनुमोदन गर्ने ।

(च) चौथो वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र सञ्चालकहरुको तर्फबाट एक- एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(छ) विविध ।

६. <u>शेयरधनीहरुको उपस्थिति:</u>

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्र द्वारा उपस्थित | जम्मा उपस्थित | बिकि भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३७०४१ (क–ख समूह) | १३९ | ११४ | २५३ | ६८.०१ |

७. <u>गणपूरक संख्या एवम् वैधानिकता:</u>

सभाको प्रारंम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन–कानून वमोजिम बोलाइएको र सभा संचालन गर्न वाणिज्य बैंक ऐन २०३१ को दफा ११ को उपदफा (५) बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुदै, आजको यस सभाको सभापतित्व गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवाल ज्यू लाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुंदा कम्पनी ऐन २०५३ को दफा ५६ का अधिन सभा विधिवत प्रारम्भ भयो ।

८. <u>सभाको सभापतित्व</u>

सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यू ले वार्षिक साधारणसभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै सभाको कामकारवाही आगाडी वढाउनु भयो ।

क) <u>हार्दिक मङ्गलमय शुभ कामना</u>

सर्वप्रथम, सभापतिज्यूले संचालक समिति, बैक परिबार र सम्पूर्ण शेयरधनीहरुका तर्फबाट श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नेपाल अधिराज्यको राज्यरोहण गरीबक्सेको तथा श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह नेपाल अधिराज्यको बडामहारानी होइबक्सेको पावन अवसरमा सभा समक्ष हार्दिक मंगलमय शुभकामना प्रस्ताव प्रस्तुत गर्नु भएपछि सभाले देहाय अनुसारको शुभकामना प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

"नेपाल र नेपालीका आस्थापुञ्ज एवम् राष्ट्रिय एकताका प्रतिक राष्ट्रनायक श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नेपाल अधिराज्यको राजगद्दी आरोहण गरिबक्सेकोमा मौसुफ सरकार तथा श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह

सरकारका जुनाफमा दीर्घ सुशासन, समृद्धि एवम् सुस्वास्थ्यका लागी सभक्ति हार्दिक मङ्गलमय शुभकामना चढाउदछौं ।"

यसै गरी श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाह सरकार र श्री ५ युवराज्ञी हिमानी राज्यलक्ष्मी देवी शाह सरकारहरुको जुनाफमा पनि सभक्ति हार्दिक मंगलमय शुभकामना प्रस्ताव सर्व सम्मतिबाट पारित गरियो ।

ख) **हार्दिक श्रद्धाञ्जली**

मिती २०५८ साल जेष्ठ १९ गते राती राजदरवारमा ~~घटेको घटनाको कारणबाट~~ श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ महाराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव एवं राजपरिवारका अन्य सदस्यहरुको असामायिक स्वर्गारोहण भएकोमा सभामा उपस्थित सबैले सभक्ति आ-आफ्नो स्थानमा उभिएर एक मिनेट मौन धारण गरेर श्रद्धाञ्जली व्यक्त गर्दै, निम्नानुसार शोक प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

"प्रजावत्सल परम श्रद्धेय श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार, श्री ५ महाराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकार तथा राजपरिवारका अन्य सदस्यहरुको स्वर्गारोहण भएको अकल्पनीय र अत्यन्त वेदनापूर्ण घटनाले हामी स्तब्ध, मर्माहत र भाव विव्हल भएका छौं । हामी, मौसुफ सरकारहरुको दिवंगत आत्माको चिरशान्तिकालागी श्री परमेश्वरसंग प्रार्थना गर्दै राष्ट्रले यस अपूरणीय क्षतिलाई वहन गर्ने शक्ति प्राप्त गरोस् भन्ने कामना गर्दछौं ।

**तत्पश्चात् :**

**वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती:**

सभापतिज्यूले आ.व. २०५७/०५८ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०५७/०५८ को नाफा–नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नु भयो । यसै क्रममा निम्नलिखित शेयरधनीमहानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

**१. श्री अमृतनाथ रेग्मी २. श्री लभराज जोशी ३. श्री तुल बहादुर श्रेष्ठ ४. श्री भगवती प्र. अगरवाल**

९. **सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:**

सभामा व्यक्त जिज्ञासाहरुको सिलसिलामा शेयरधनीमहानुभावहरुले बैंकको काम कारोवार एवम् उपलब्धी प्रति छलफल गर्दै प्रेरणादायि एवम् रचनात्मक बहुत राम्रा राम्रा प्रश्न गरेर जुन चिन्तन एवम् मनन गर्ने मौका दिनु भयो सो का लागि धन्यवाद दिनु हुदै सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यूले शेयरधनीहरुबाट व्यक्त सुझावहरुले भविष्यको लागि मार्गदर्शन गर्ने मनसाय प्रकट गर्नु भयो र देहाय वमोजिम समूहगत जवाफ दिनु भयो ।

**जिज्ञासाहरु:**

१. **रकमहरुलाई नजिकको रुपैयां (Nearest Rupee) मा किन न देखाइएको हो ? देखाउने परिपाटी बसाल्नु पर्‍यो ।**

– यस तर्फ ध्यानाकर्षण भएको छ, आगामी प्रतिवेदनमा सुझाव अनुसार गर्ने छौं ।

२. **अन्य बैंकहरुले ल्याएका Auto Loan, House Loan जस्तै यस बैंकले व्यवसायको विविधीकरण गर्दै कुनै स्कीम ल्याउँदै छ कि ? प्रष्ट पारीदिनु पर्‍यो ।**

– विभिन्न स्कीमहरुको संभाव्य अध्ययन हुँदैछ, यथा समयमा प्रकाशमा ल्याइने छ ।

३. **शेयरधनीहरुको बढी भन्दा बढी सहभागीता जुटाउन एवम् बौद्धिक स्तरका शेयरधनीहरुको सुझाव र मार्गदर्शनबाट लाभान्वित हुन काठमाण्डौंमा पनि वार्षिक साधारण सभा बोलाउनु पर्‍यो ।**

– वाणिज्य बैंक ऐन २०३१ मा भएको प्रावधान अनुसार बैंकको प्रधान कार्यालय रहेको स्थानमा नै वार्षिक साधारण सभा बोलाउनु पर्ने बाध्यात्मक व्यवस्था रहेको जानकारी गर्न हुन अनुरोध छ ।

४. **सभा संचालन गर्न गणपूरक संख्या पुगेता पनि प्रत्यक्ष सहभागिता साह्रै न्यून रहेकोले आगामी दिनहरुमा सबैलाई थाहा हुने गरी जानकारी पठाउने व्यवस्था गर्नु पर्‍यो ।**

– व्यक्तिगत ठेगानामा सूचना पठाउनुका साथै पटक-पटक सार्वजनिक रुपले समेत सूचित गरिएको हो, आगामी दिनहरुमा अझ प्रचार-प्रसार गर्दै यथासक्य सूचित गर्ने प्रयास गर्नेछौं ।

५. **लाभांश कति बाँडिने हो ? भविष्यमा प्रतिवेदनमा नै प्रतिशतका साथै रकम खुलाई दिने व्यवस्था गर्नु पर्‍यो ।**

– चुक्ता पूंजीको १०% ले हुने रकम "प्रस्तावित लाभांश" शीर्षक अन्तर्गत नाफा–नोक्सान बांडफांड हिसाबमा देखाइएकै छ । सुझाव तर्फ हाम्रो ध्यानाकर्षण भएको छ ।

६. **मनोरञ्जन खर्च कस्तो खर्च हो ? स्पष्ट गरिदिनु पर्‍यो ।**

– बैंकिङ्ग व्यवसाय संचालन क्रममा विभिन्न निकायहरुका साथै अतिथि सत्कार आदि कार्यमा भएको खर्च हो ।

७. **संचालक समितिको बैठक भत्ता र अन्य खर्च के हो ? बैठक भत्ता कति तोकिएको छ ?**

– संचालकहरुले बैंकको संचालक समिति वा उपसमितिको बैठकमा सहभागी हुंदा प्रदान गरिने भत्ता हो । बैठक संचालन खर्च लगायत बैठकमा भाग लिन आउंदा-जांदाको भ्रमण वापतको खर्च अन्य खर्चमा समावेश छ । बैठक भत्ताको दर सम्बन्धी विषय यसै सभामा छलफलको विषय सूचिमा समावेश भई प्रस्तावको रुपमा प्रस्तुत भएकोले सो बाट स्पष्ट हुने नै छ ।

८. **वार्षिक साधारण सभा खर्च अलि बढी देखिन्छ । घटाउनु पर्‍यो ।**

– गतः वर्ष सर्वसाधारणमा शेयर निष्काशन पछिको पहिलो साधारण सभा आयोजना भएको थियो । निर्वाचन लगायत वासलातको छपाई, वितरण, स्वागत-सत्कारमा भएको खर्च हो, यसलाई क्रमशः नियंत्रण गर्दै लग्नेछौं ।

९. **तपाईहरुको बैंक न भनेर हाम्रो बैंक भन्नु पर्‍यो । शाब्दिक सुधार हुनु पर्‍यो ।**

– सुझाव तर्फ ध्यानाकर्षण भएको छ ।

१०. **<u>प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सुविधा वर्षभरिको कति छ त्यसलाई बेग्लै किन न देखाइएको हो ?</u>**

– बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक/सुविधाको निर्धारण संचालक समितिबाट निर्धारीत दरबन्दी र तलब स्केल अनुसार हुने भएकोले कुनै पनि कर्मचारीको पारिश्रमिक र सुविधा छुट्टै देखाउनु पर्ने आवश्यकता र प्रचलन समेत नरहेकोले नदिइएको हो ।

११. **<u>सञ्चार खर्चमा कस कसमा कति खर्च भएको छ डिटेल विवरण दिइएको छैन</u>** ।

– बैंकिङ्ग काम कारोबारको सिलसिलामा सचालित टेलिफोन, फयाक्स, टेलेक्स, इमेल, इन्टरनेट, लिज लाईन र रोइटर (Reuter) सेवाको महसुलहरु यस शीर्षकमा देखाईएको छ । हरेक खर्चलाई छुट्टा छुट्टै देखाउदा लामो फेहरिस्त हुने भएको र व्यवहारिक नहुने हुंदा लेखाको सिद्धान्त अनुरुप नै एकमुष्ठ देखाइएको हो ।

१२. **<u>बैंक शुल्कमा कस्ता कस्ता खर्च लेखिएका छन् । बैंक शुल्क त बैंकले ग्राहकसंग लिने हो तथा बैंकको आमदानी हो । बैंक शुल्कलाई त आमदानी तर्फ देखाउनु पर्छ ।</u>**

– बैंकको आफ्नो कारोबार संचालन गर्न विभिन्न एजेन्सी बैंकहरुमा रकमान्तर गर्न लाग्ने शुल्क आदिलाई बैंक शुल्कमा देखाइएको छ । ग्राहकसंग लिने शुल्कलाई कमिशन शीर्षकमा आम्दानी देखाएको छ ।

१३. **<u>सुरक्षा सेवामा कर्मचारीहरुको तलब तथा सुविधा कर्मचारी खर्चमा देखाई सकिएको होला । यसलाई बेग्लै किन देखाइएको हो ?</u>**

– सेक्युरीटी एजेन्सीसंग छुट्टै सम्झौता गरी सुरक्षा कर्मचारीहरुको सेवा उपलब्ध गरिएकोले बेग्लै शीर्षकमा देखाइएको हो ।

१४. **<u>अन्य खर्चमा रु. २३,३२,७९४।७३ देखाइएको छ । यसमा कुन कुन खर्च समावेश गरीएका छन् ।</u>**

– मुख्यतया शेयर दाखिल-खारेजको लागी "Registrar to the Shares" का लागी भुक्तानी गरिएको रकम का साथै अन्य विविध खर्च यस शीर्षकमा देखाइएको छ ।

१५. **<u>कर्मचारी बोनस रु. ७९,०२,९८३।३९ देखाइएको छ । जबकी १०% ले खुद नाफा रु. ५,६१,७९,०१९।०२ को रु. ५६,१७,९०१।९० मात्र हुन्छ । स्पष्ट गरिदिनु पर्‍यो ।</u>**

– बोनस ऐनमा भएको व्यवस्था वमोजिम, आयकरको व्यवस्था गर्नु भन्दा अगाडीको खुद नाफाबाट बोनस छुट्टयाइएको छ ।

१६. **<u>कर्जा नोक्सानी व्यवस्था को रकम कर्जा सापट रकमको असल, कमसल, शंकास्पद र खराब कर्जाको कति कति प्रतिशतले व्यवस्था गरिएको छ । यसलाई अनुसूची "घ" को सट्टा जगेडा कोषको अनुसूची "क" मा देखाउंदा शेयरधनीहरुले जगेडा कोषको रकम कति छ भनेर सोझै थाहा पाउन सकिन्थ्यो ।</u>**

– कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम गरिएको छ र नेपाल राष्ट्र बैंकको लेखा प्रस्तुतीकरण सम्बन्धी निर्देशन अनुसार नै वासलातको अन्य दायित्वमा

देखाइएको हो । कर्जा नोक्सानी व्यवस्था जगेडा रकम नभई कर्जा नोक्सानी व्यवस्था भएकोले जगेडामा नदेखाइएको हो । बैंकको जगेडा रकम वासलातमा देखाइएको छ ।

१७. **<u>कर्मचारी कल्याण कोषमा कस्ता कस्ता खर्च शामेल हुन्छन् । कर्मचारी तलव, संचयकोष, पोशाक, वीमा, तालिम तथा अन्य पनि कर्मचारी खर्चमा देखाई सकिएको छ ।</u>**

– श्रम नियमावलिमा भएको प्रावधान अनुरुप बोनस व्यवस्था मध्येबाट छुट्ट्याइएको रकम कर्मचारी कल्याण कोषमा देखाइएको हो र ऐन कानूनमा भएको व्यवस्था अनुसार नै खर्च गरिनेछ ।

१८. **<u>सम्पत्ति तथा जायजेथामा देखाइएको अन्य लगानीमा रु. ५,४८,३६,५५२।२७ देखाइएको छ । यसमा कस्ता कस्ता लगानीहरु छन् । अनुसूची या प्रतिवेदनमा खुलाउनु पर्‍यो ।</u>**

– मांग गरेको वखत प्राप्त हुने बाहेक (Money at call) को अन्तरबैंक कर्जा रकमलाई अन्य लगानीमा देखाइएको छ ।

१९. **<u>कर्मचारीहरुलाई घर कर्जा कति प्रतिशत व्याजमा दिइएको छ । के विना व्याजमा दिइएको हो ?</u>**

– कर्मचारी आवास कर्जा योजना मुताविक संचालक समितिले निर्धारण गरिदिएको सहुलियत व्याजदर ६% मा कर्मचारीहरुलाई आवास कर्जा उपलव्ध गराइएको छ ।

२०. **<u>शाखा पूर्व संचालन खर्च, पट्टा सम्पत्ति विकास खर्च, सफ्टवेयर खरिदमा कस्ता कस्ता खर्च सामेल हुन्छन ?</u>**

– पट्टामा लिईएको भवनलाई बैंकको प्रयोजन अनुसार निर्माण आदि कार्यमा भएका खर्च, पट्टा सम्पत्ति विकास खर्चमा देखाइएको छ । शाखा संचालनमा आउनु भन्दा अगाडी सो शाखाको लागी भएका खर्च शाखा पूर्व संचालन खर्चमा देखाइएको छ । यस्तै, बैंकले कम्प्युटराइज्ड सेवा उपलव्ध गराउन कम्प्युटर सफ्टवेयर खरीदमा भएका खर्चलाई सफ्टवेयर खरीदमा देखाइएको छ ।

२१. **<u>कस कसमा बैंकले ग्यारेन्टी दिने गरेको छ । बैंक ग्यारेन्टीमा धितो राख्ने गरेको छ कि छैन ?</u>**

– ग्राहकहरुको आवश्यकता र बैंकको कर्जा नीति बमोजिम आवश्यकता अनुसार व्यक्तिगत जमानी वा धितोमा बैंक ग्यारेन्टी जारी गर्ने गरेको छ ।

२२. **<u>फरवार्ड एक्सचेन्ज कन्ट्राक्टमा रु. १२,००,०६,८६०।२७ देखाएको छ । यो दायित्व के को लागि हो ?</u>**

– विदेशि विनिमय कारोवार गर्ने ग्राहकहरुको लागि विदेशी मुद्राको फरवार्ड बुकिङ्गमा लागु हुने गरी, विदेशी मुद्रा विनिमय करार बमोजिमको संभाव्य दायित्वलाई यस शीर्षकमा देखाइएको छ ।

**<u>सुझाव एवम् मन्तव्य:</u>**

(१) सकारात्मक पक्ष धेरै छन्, जति नाफा गर्न सकेकोछ त्यो भन्दा बढी हामीलाई लाभांश दिन सकेकोछ ~~गुनमान गर्ने पर्दछ~~ । यसको लागी विशेष बधाई, यो प्रकृया पछिसम्म कायम रहोस ।

(२) मिश्रित अवस्थामा हिंडिरहेको अहिलेको नेपाली अर्थतत्रमा आफ्नो सामर्थ्य र व्यापारीक सुझबुझका साथै परिपक्व निर्णय क्षमताले गर्दा मुनाफा देखाउन सकेकोमा व्यवस्थापनलाई धन्यवाद दिनै पर्दछ।

(३) हतारमा शाखा कार्यालय न खोलेर यसलाई Profit Centre को रुपमा विकसित गर्ने रणनीति अपनाउनु पर्‍यो।

(४) HRD अन्तर्गत कर्मचारीहरुलाई अद्यावधिक र समयानुकुल प्रविधिक ट्रेनिङ्ग दिने तर्फ बढी मात्रामा जोड दिनु पर्‍यो।

(५) आनुपातिक हिसाबले हेर्दा व्याज खर्च व्याज आम्दानी सित त्यत्तिको मात्रामा घटेको देखिदैन अतः Cost of fund बढी छ कि जस्तो आभास हुन्छ। Cost of fund घटाउन व्याज तिर्नु नपर्ने निक्षेप संकलन पट्टी बैंकले बढी मेहनत गर्नु पर्‍यो।

(६) सम्पूर्ण सुविधायुक्त कम्प्युटरकृत संचालन व्यवस्था हुंदाहुंदै पनि चालु वर्षका बारेमा ३ महिना अगाडीको मात्र जानकारी दिनु ठिक भएन, वार्षिक साधारण सभा हुनु भन्दा एक महिना अगाडी सम्मको Figure दिने प्रचलन बसालौं।

(७) वार्षिक रुपमा शेयरधनीहरुको ठेगाना अधावधिक गरेर अभिलेख गर्ने परिपाटी बसाल्नु पर्‍यो।

(८) बैंक भर्खरै स्थापना भएको र शिशु अवस्थामा नै रहेकोले केन्द्रीय बैंकले हालै जारी गरेका निर्देशनहरु मध्ये पर्न सक्ने वित्तिय र व्यवहारीक समस्या एवम् कठिनाईका बारेमा बेलैमा अन्तरक्रिया गर्दा बैंकको लागी धेरै राम्रो हुने हुंदा व्यवस्थापनले त्यस तर्फ विचार पुर्‍याउनु पर्‍यो।

(९) आगामी वर्ष देखि आर्थिक वर्ष सिद्धिएको ४ महिना भित्र नै वार्षिक साधारण सभा गराउनु पर्‍यो।

(१०) वासलातमा गैर वैकिङ्ग सम्पत्ति देखा नपरेकोमा व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु।

(११) Portfolio Management मा हामी कम्ती छौं कि भन्ने देखा पर्दछ। त्यस तर्फ ध्यान दिनु पर्‍यो।

(१२) बासलात बाहिरको कारोबार वा मर्चेन्ट बैंकिङ्ग गतिविधी बढाउने खालको रणनीति अपनाउनु पर्‍यो।

(१३) देशको अर्थतंत्र असाध्य कमजोर अवस्था तर्फ गइरहेको परिप्रेक्ष्यमा सुरक्षित लगानीबाट आर्जित मुनाफा अन्यत्र न जाओस र शिशु अवस्थामा रहेका यस्ता बैंकलाई टेवा मिलोस भन्ने हेतुले श्री ५ को सरकारले जारी गरेको शतप्रतिशत सुरक्षित राष्ट्रिय वचतपत्रको सुरक्षण धितोमा संस्थापक/संचालकहरुले समेत संलग्न बैंकबाट ऋण झिक्न वा कारोबार गर्न पाउने तर्फ विचार पुर्‍याइदिन यसै सभाबाट केन्द्रीय बैंकलाई अनुरोध गर्दछु।

(१४)Retail Banking, Electronic purse आदि बैंकिङ्ग उपकरणहरुको माध्यमबाट व्यापार प्रवर्द्धन गर्ने रणनीति अपनाउनु पर्‍यो ।

(१५)Real eastate को वजार तल झरेको वेला शाखा संस्थापनाका लागी पाएक पर्ने गरी स्थिर सम्पत्ति जोड्न तिर ध्यान दिनु पर्‍यो ।

(१६)ऐनमा भएको प्रावधान अनुरुप ६ महिना भित्रै लाभांश घोषणा सहित साधारण सभा सम्पन्न गर्न सकेकोमा अध्यक्षज्यू लगायत संचालकज्यू एवम् कर्मचारीहरु प्रति आभार प्रकट गर्दछु ।

(१७)वाणिज्य बैंक, वित्तिय संस्था र सहकारीहरुको सङ्ख्यालाई विचार गर्दा बैंकिङ्ग व्यवसाय तिव्र प्रतिस्पर्धात्मक भइसकेकोले नयां नयां Sector को खोजि गरेर लगानी गर्न तर्फ प्रयास गर्नु पर्‍यो ।

(१८)कम व्याजदरमा बढी भन्दा बढी निक्षेप संकलन गर्न निक्षेपकर्तालाई प्रभाव पार्ने किसिमको आकर्षक स्किमहरु ल्याई निक्षेप संकलन गर्ने प्रयास गर्नु पर्‍यो ।

(१९)संचालन खर्च घटाउदै आधुनिक तथा अधावधिक बैंकिङ्ग Software तथा Switching Software कार्यान्वयन गर्ने तर्फ पहल गर्नु पर्‍यो ।

(२०)पूर्वी द्वारको रुपमा विकसित हुदै गएको वनेपाको भविष्यलाई हेर्दा शाखा संस्थापनाको लागी एकदमै संभाव्य क्षेत्र देखिएकोले संचालक समितिको ध्यानाकर्षण गर्न चाहन्छु ।

## १०. सभाको निर्णय:

(क) छलफलको लागि सभामा प्रस्तुत बिषय सूचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस भनि सभापतिज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गर्‍यो ।

(ख) बिषय सूचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०५८ साल आषाढ मसान्तको वासलात र २०५७/४/१ देखि २०५८/३/३१ सम्मको नाफा–नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस भनि सभापतिज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गर्‍यो ।

(ग) विषय सूचिको (ग) वमोजिम संचालक समितिले सिफारीश गरे अनुसार आर्थिक वर्ष २०५७/०५८ को मुनाफा मध्येबाट चुक्ता पूजीको १०% (दश प्रतिशत) लाभांश स्वीकृत गर्ने प्रस्तावलाई सभाले सहर्ष करतल ध्वनीका साथ सर्वसम्मतिबाट पारित गर्‍यो ।

(घ) बिषय सूचीको (घ) बमोजिम आर्थिक वर्ष २०५८/०५९ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावमा छलफल हुंदा लेखापरीक्षक श्री निर्मल दास श्रेष्ठ, निर्मल एण्ड कम्पनी चाटर्ड एकाउण्टेण्टलाइ नियुक्ति गर्ने र पारिश्रमिकको हकमा साविकमा तोकिएको रकम रु.८८,०००/– मा दश प्रतिशतले बृद्धि गरि रु. ९६,८००/- प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ङ) छलफलको विषय सूची (ङ) वमोजिम सभाले संचालक समितिले निर्धारण गरेको देहायमा लेखिए वमोजिमको संचालकहरुको बैठक भत्ता एवं भ्रमण तथा दैनिक भत्तालाई अनुमोदन गर्‍यो :

**बैठक भत्ता :**

| | | |
|---|---|---|
| अध्यक्षलाई | - | रु. ३,५००/- |
| अन्य संचालकहरुलाई | - | रु. ३,०००/- |

**भ्रमण भत्ता :**

यस बैंकका संचालकहरुलाई बैंकको कामको सिलसिलामा भ्रमण गर्दा, प्रदान गरिने दैनिक तथा भ्रमण भत्ताको सम्बन्धमा देहायमा लेखिए वमोजिम संचालकहरुको दैनिक तथा भ्रमण भत्तालाई अनुमोदन गरियो ।

१) आते जाते हवाई जहाजको लागेको वास्तविक भाडा (एयरपोर्ट ट्याक्स समेत) दिने ।

२) आवास, खाना र स्थानिय परिवहन वापत दैनिक भत्ता :

(क) काठमाण्डौंका लागी रु. ६०००/- (प्रतिदिन)

(ख) नेपाल अधिराज्यको अन्य स्थानका लागी रु. ४५००/- (प्रतिदिन)

(च) विषय सूचीको (च) वमोजिम चौथो वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयरधनीहरुको तर्फबाट श्री लभराज जोशी तथा संचालकहरुको तर्फबाट श्री रमेश कोइरालालाई प्रतिनिधि नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

११. **धन्यवाद ज्ञापन एवं बिर्सजन:**

अन्त्यमा शेयरधनीमहानुभावहरुले आफ्नो अमूल्य समय प्रदान गरी दिनु भई बडो सौहार्दपूर्ण वातावरणमा आजको यो वार्षिक साधारणसभा सफलतापूर्वक संचालन गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित शेयरधनीमहानुभावहरु, एनआइडीसी क्यापिटल मार्केट्स लि., बैंक व्यवस्थापन परिवार तथा नेपाल राष्ट्र बैंकबाट पाल्नु भएका पर्यवेक्षक श्री भिष्मराज ढुंगानालाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले यो चौथो वार्षिक साधारणसभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | अध्यक्ष |
|---|---|---|
| लभराज जोशी | रमेश कोईराला | जगदीश प्रसाद अग्रवाल |
| शेयरधनी | संचालक | सभापति |